# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## राष्ट्रिय मानव अधिकार आयोगद्वारा स्थानीय तह निर्वाचन अनुगमन सम्पन्न
## मिति : २०७९।१।३०

लोकतन्त्रको महत्वपूर्ण प्रक्रियाको रूपमा आवधिक निर्वाचन हुनु सकारात्मक पक्ष हो । निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, कर्मचारी, सरक्षाकर्मी, पर्यवेक्षक तथा नागरिकलाई राष्ट्रिय मानव अधिकार आयोग धन्यवाद व्यक्त गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगले स्थानीय तह निर्वाचनको मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको छ । स्थानीय तह निर्वाचनमा स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि आयोगका माननीय अध्यक्ष, माननीय सदस्य, आयोगका पूर्व पदाधिकारीहरू तथा का.मु. सचिव नेतृत्वको ७ वटा उच्चस्तरीय अनुगमन टोली एवं आयोगका कर्मचारीहरू सम्मिलित ४५ टोलीले ७७ वटै जिल्लामा अनुगमन गरेको छ ।

अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार सप्तरी, काभ्रेपलाञ्चोक, अछाम, कपिलवस्तु र दाङको जिल्लाका विभिन्न मतदानकेन्द्रहरुमा मतदान स्थगित भएको पाइएको छ । बाजुरा, बझाङ, हुम्ला, जुम्ला, अछाम, कालिकोट, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, सर्लाही, सप्तरी, रौतहट, धनुषा, महोत्तरी लगायतका जिल्लाका केही मतदान केन्द्रहरुमा राजनीतिक दलका कार्यकताबीच झडप हुँदा केही व्यक्ति घाइते भएको, केहीस्थानमा हवाइफायर हुँदा केही समय मतदान प्रभावित भएको बुझिएको छ । अपेक्षाकृत निर्वाचन शान्तिपूर्णरुपमा हुन नसकेको आयोगको अनुगमनबाट तथा आयोगलाई प्राप्त सूचनाका आधारमा देखिन्छ ।

ज्येष्ठ नागरिक, सुत्केरी, बिरामी, किरियापुत्री, महिला, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेपनि हुम्ला, गोरखा तगायतका हिमाली तथा उच्च पहाडी क्षेत्रमा मतदानस्थल टाढा भएकोले अघिल्लो दिन देखि हिंडेर समेत मत खसाल्न मतदाताहरु केन्द्रमा पुगेको पाइएको छ । मतदाता शिक्षाको अभावका कारण मतदान गर्ने तरिकामा अलमलमा परेको, कतिपय मतदान स्थलहरूमा खानेपानीको व्यवस्थापन नहुँदा मतदाता बेहोस हुन पुगेको, शौचालयको अभाव भएको, ज्येष्ठ नागरिक, असहाय, अपांगता भएका व्यक्तिहरूलाई सहज रुपमा मतदान गर्न सक्ने व्यवस्था नभएको पाइएको छ । त्यसैगरी, मतपेटिका तोडफोड तथा आगजनी हुनु, मतदान अधिकृत कुटीनु जस्ता घटनाले राजनीतिक दलहरुले थप संयमता अपनाउनु पर्ने देखिएको छ ।

अत : स्थानीय तहको निर्वाचनमा स्थगित भएका स्थानमा शन्ति सुरक्षा मापन गरी तत्काल मतदान गराउन, मतदानमा सबैको पहुँच पुर्‍याउन तथा यथाशक्य छिटो मतगणना गर्न निर्वाचन आयोगलाई आयोग आग्रह गर्दछ । साथै, दलहरुले पनि स्थगित भएका पुन : निर्वाचन प्रक्रियामा शान्तिपूर्ण रुपमा भाग लिन, झडपमा घइते भएकाहरुको उपचार गर्न आयोग आग्रह गर्दछ ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org